फोन : ९७७-१-५३६२४१६, ५३६२५१८
५३६२३२६, ५३६२९८८
फ्याक्स : ९७७-१-५३६२५१६
बबरमहल

फोन : ९७७-०१-५७१८०००/५७१८०३०
फ्याक्स : ९७७-०१-५७१८०२२
ईमेल : dgca@caanepal.gov.np
सिनामंगल

नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, कोठमाडौँ, नेपाल ।

प.सं.:

मितिः

प्रेस विज्ञप्ति

चक्रवाती आँधी (Arnab) को समयमा सुरक्षा सतर्कता।

नेपालको मौसम विज्ञान विभाग द्वारा जारी विशेष मौसमी बुलेटिनअनुसार भारतको आन्ध्र प्रदेशस्थित विशाखापट्टनम आसपास तटीय क्षेत्रमा प्रवेश गर्ने अनुमान गरिएको 'अर्नब' नामक शक्तिशाली चक्रवाती आँधीको प्रभावले नेपालका विभिन्न स्थानमा मध्यमदेखि भारी वर्षा, मेघगर्जनसहित चट्याङ, तीव्र हावाहुरी तथा उच्च हिमाली क्षेत्रमा हिमपात हुन सक्ने उल्लेख छ। उक्त आँधीबाट विशेषगरी नेपालका कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका हवाई गतिविधि प्रभावित हुन सक्ने तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका केही भागमा समेत असर पर्न सक्ने अनुमान गरिएको छ। २०८३ साल कात्तिक १२ गते बिहीबारदेखि कात्तिक १४ गते शनिबारसम्म मौसमको प्रभाव बढी पर्न सक्ने भएकाले उडान तथा विमानस्थल सञ्चालनमा चुनौती उत्पन्न हुन सक्नेछ।

प्रतिकूल मौसमका कारण हवाई सेवामा पर्न सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी हवाई उडान सुरक्षालाई उच्च प्राथमिकतामा राख्न सम्बन्धित सबै निकायलाई आवश्यक सुरक्षा सतर्कता अपनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण अनुरोध गर्दछ।

चक्रवाती आँधी (Arnab) का कारण उडान समयतालिकामा परिवर्तन वा ढिलाइ हुन सक्ने भएकाले यात्रुहरूलाई आफ्नो उडानको पछिल्लो अवस्थाबारे वायुसेवा कम्पनी र सम्बन्धित विमानस्थलसँग सम्पर्क गरी जानकारी लिनसमेत प्राधिकरण अनुरोध गर्दछ।

नेपाल नागरिक उड्डयन प्राधिकरण हवाई यातायातलाई सुरक्षित, नियमित, प्रभावकारी र विश्वसनीय बनाउन प्रतिवद्ध रहेको छ।

विक्रम राज गौतम
प्रवक्ता
नेपाल नागरिक उड्डयन प्राधिकरण
मितिः- २०८३/०७/११